## पालुङटार नगरपालिकाको १७ औं नगर सभामा
## नगर प्रमुख श्री विवस चिन्तनद्वारा पेश गरिएको
## आर्थिक वर्ष २०८२/०८३ को

# नीति तथा कार्यक्रम

पालुङटार नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, ठाँटीपोखरी, गोरखा

गण्डकी प्रदेश, नेपाल ।

२०८२ असार ३ गते

**सम्पूर्ण नगरसभा सदस्यज्यूहरु,**

- नेपालको ऐतिहासिक, राजनीतिक, सामाजिक, साँस्कृतिक र पर्यटकीय दृष्टिले महत्वपूर्ण पालुङटार नगरपालिकाको गरिमामय यस सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत तथा न्यानो अभिवादन व्यक्त गर्दछु।
- पालुङटार नगरपालिकाको १७ औं नगरसभा औपचारिक रुपमा शुरुवात भएको छ। यस महत्वपूर्ण अवसरमा नेपालको सार्वभौम सत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, संघीय लोकतान्त्रिक गणतन्त्र वहली, राज्यको आमुल परिवर्तनका लागि २००७ सालको प्रजातान्त्रिक आन्दोलन, २०४६ सालको जनआन्दोलन, नेपाल कम्युनिष्ट पार्टी माओवादीको नेतृत्वमा २०५२ फाल्गुन १ गतेबाट सञ्चालित युगान्तकारी महान जनयुद्ध, जनयुद्धको जगमा भएको २०६२/०६३ को जनआन्दोलन तथा अन्य विभिन्न लोकतान्त्रिक संघर्षको क्रममा गौरवपूर्ण शहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति उच्च सम्मान सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै सम्पूर्ण घाइते, वेपत्ता तथा सहिद परिवारजनहरुप्रति उच्च सम्मान प्रकट गर्दछु। मुलुकको राजनैतिक तथा सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सम्पूर्ण अग्रजहरु प्रति सम्मान र स्मरण गर्दछु।
- स्थानीय नागरिकको विकासको चाहना, अघिल्लो आर्थिक वर्षका अधुरा कार्यक्रमहरु, सार्वजनिक आव्हानद्वारा प्राप्त विज्ञ तथा सरोकारवालाहरुले दिएको सुझाव, जनप्रतिनिधिहरुद्वारा मुखरित जनभावनाहरुलाई आत्मसात गर्दै समग्र नगरपालिकाको नीतिगत मार्गनिर्देशन गर्न आ.व. २०८२/०८३ का लागि नीति तथा कार्यक्रम पेश गरेको छु।

- नेपाली राजनीतिको विभिन्न कालखण्डका गौरवपूर्ण संघर्षवाट प्राप्त उपलब्धिको रक्षा, वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्र र समाजवाद उन्मुख समावेशी लोकतन्त्रको विकास गर्न र अन्ततः नेपालको संबिधानले

निर्दिष्ट गरे अनुरुपको समाजवाद स्थापना गर्ने दिशामा अघि बढ्ने आधार तयार पार्न पालुङटार नगरपालिकाको **"समाजवादको आधार निर्माणको अभियान, सुन्दर र समृद्ध पालुङटार हाम्रो शान"** भन्ने मूल नारा अनुरुप आफ्ना सम्पूर्ण नीति तथा कार्यक्रमहरु अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्दछु ।

- स्थानीय सरकारलाई लोकतन्त्रको रक्षा गर्ने एक दरिलो खम्बाको रुपमा लिंदै सामाजिक न्याय सहितको समृद्ध र समतामूलक नगर निर्माण गर्न हाम्रो सम्पूर्ण स्रोत साधन तथा जनशक्ति यस नगरको समग्र सामाजिक, आर्थिक एवं साँस्कृतिक रुपान्तरणका पक्षमा उपयोग गर्दै पूर्णरुपमा जनताको दैनिक जीवनमा परिवर्तन गर्ने संकल्प सहित सोही अनुरुपको नीति, योजना, कार्यक्रम र बजेट तयार गर्ने तथा त्यसको कार्यान्वयन गर्ने व्यवस्था मिलाउने प्रतिबद्धता व्यक्त गर्दछु ।

## नगरसभा सदस्य ज्यूहरु,

स्थानीय सरकारको दोस्रो कार्यकालका लागि निर्वाचित हामी जनप्रतिनिधिहरुले पालुङटार नगरपालिकाको समग्र विकासका लागि पालुङटारबासीहरुसँग गरेका प्रतिबद्धताहरुलाई व्यवहारिक कार्यान्वयन गर्न हामीसँग उपलब्ध श्रोत साधन र जनशक्ति व्यवस्थापनका अफठयाराहरुलाई चिर्दै जनतासामु गरेका बाचालाई पूरा गर्न प्रतिबद्ध रहेको कुरा मनन गर्दै जनमुखी कार्यक्रम तथा योजनाहरु अगाडि बढाउने सवालमा सम्पूर्ण नगरबासीहरुको पनि उत्तिकै साथ सहयोग हुनेमा विश्वस्त छु । हामीहरु योजनावद्ध र प्राथमिकताका आधारमा विकास निर्माणका कामहरु हुनुपर्छ भन्ने कुरामा दृढ छौं। हामी जनताद्वारा निर्वाचित जनप्रतिनिधिहरु **"मालिक होइन, जनताको असल सेवक हौं"** भन्ने मान्यताबाट कहिल्यै बिचलित हुने छैनौं ।

**नगरसभा सदस्य ज्यूहरु,**

अब म पालुङटार नगरपालिकाको विद्यमान राजनीतिक, आर्थिक, सामाजिक र प्रशासनिक परिवेश यहाँहरु समक्ष पेश गर्दछु।

मिति २०७९ बैशाख ३१ गते सम्पन्न स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित नगर प्रमुखको हैसियतले चौथो पटक यो नीति तथा कार्यक्रम पेस गरिरहेको छु। यतिबेला नेपाली जनताले लामो समयसम्म गरेको बलिदानिपूर्ण संघर्षबाट प्राप्त उपलब्धिहरुको रक्षा र थप विकास गर्दै समाजवादको आधार तयार पार्नुपर्ने अवस्था छ भने अर्कोतर्फ प्राप्त उपलब्धिहरु समेत गुम्न सक्ने चुनौतिहरु पनि हाम्रो सामु खडा भएको छ। यस बिषम परिस्थितिमा लोकतन्त्र स्थापनाका लागि संघर्ष गरेका राजनीतिक दलहरुबीच दरिलो एकताको आवश्यकता महशुस हुँदै गएको छ ।त्यसका लागि नगरपालिकाभित्र क्रियाशिल लोकतान्त्रिक आन्दोलनका सहयात्री राजनीतिक दलहरुलाई संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र विकासका लागि सहकार्य गर्न म हार्दिक अपिल गर्दछु ।

**नगरसभा सदस्य ज्यूहरु,**

विभिन्न कारणले संघीय सरकारको आर्थिक गतिविधिहरुमा कमी आएको तितो वास्तविकता हामी समक्ष विद्यमान छ। यसको प्रत्यक्ष एवम् परोक्ष प्रभावका कारण संघ र प्रदेशबाट हामीलाई प्राप्त हुँदै आएको समानिकरण अनुदान, राजश्व बाँडफाँड, लगाएतका बजेटमा पनि कटौति हुँदै आएको छ। यसका साथै नगरपालिकाको आन्तरिक स्रोतमा समेत अपेक्षाकृत वृद्धि हुन सकेको छैन । यति हुँदा हुँदैपनि हामी समक्ष विद्यमान स्रोत र साधनहरुको उच्चतम प्रयोग गरी सम्वृद्ध पालुङटार निर्माणको अभियानमा निरन्तर अगाडि बढ्न हामी दृढ छौं। कृषिमा आधारित ग्रामिण अर्थतन्त्रको विकास गरी स्वरोजगारको माध्यमद्वारा सम्वृद्ध पालुङटार निर्माण गर्ने यस योजनामा सरोकारवाला सबै पक्षको सकारात्मक सहयोगको अपेक्षा गरेको छु ।

**नगरसभा सदस्य ज्यूहरु,**

अब म पालुङटार नगरपालिकाको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु प्रस्तुत गर्दछु :

- नेपालको संबिधानको प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु र संविधानको अनुसूची ८,
- संघीय सरकार तथा प्रदेश सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघीय र प्रदेश सरकारले अबलम्वन गरेका आर्थिक तथा वित्तीय नीति,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय सरकारसँग, सम्बन्धित अन्य ऐन, नियमावलीहरु,
- दिगो विकास लक्ष्य, जलबायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा सामाजिक समावेशीकरण,
- बालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, पूर्ण सरसफाई लगायतका अन्य संबन्धित विषयहरु,
- निर्वाचनमा प्रस्तुत गरिएको घोषणापत्र
- पालुङटार नगरपालिकाको प्रथम आवधिक योजना
- नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु
- स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति, वजेट तथा कार्यक्रम तर्जुमा समिति, राजश्व परामर्श समिति, विषयगत समिति लगायत समितिबाट प्राप्त प्रतिबेदन तथा सुझावहरु
- वडास्तरबाट आएका सुझाबहरु
- विभिन्न राजनीतिक दलहरु, संघसस्थाहरु, नगरवासीहरुको सल्लाह सुझाबहरु।

**नगर सभा सदस्यज्यूहरु,**

पालुङटार नगरपालिकाको नीति तथा कार्यक्रम तर्जुमाका मुख्य उद्देश्यहरु निम्नानुसार रहेका छन् :

- जनताको मौलिक हकको रुपमा रहेका न्यूनतम् आधारभूत आवश्यकता परिपूर्ति गर्नु।
- जनतालाई आत्मनिर्भरता तिर उन्मुख गराउन रोजगारीको नयाँ स्रोत खोजी गर्ने र नगरबासीको क्षमताको उच्चतम सदुपयोग गरी समृद्ध नगरपालिका बनाउनु।
- समाजवाद उन्मुख ग्रामीण अर्थतन्त्रको विकास गरी कृषिजन्य उत्पादनमा आत्मनिर्भर बनाउनु।
- सुशासनको प्रत्याभूति दिलाउन पारदर्शीता, जवाफदेहिता, भ्रष्टाचारजन्य कार्यमा शुन्य सहनशिलता र दण्डहिनता अन्त्यको नीति अवलम्बन गर्नु।
- सामाजिक शोषणका सबै अवशेष अन्त्य गर्न आर्थिक समृद्धि र सामाजिक, साँस्कृतिक रुपान्तरण अभियान सञ्चालन गर्नु।
- स्रोतसाधनको अधिकतम परिचालनद्वारा तिव्र आर्थिक वृद्धि गर्नु।
- नगरक्षेत्रमा पर्यटनको विकास गर्न ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक स्थलहरुको संरक्षण र प्रवर्द्धनमा जोड दिने।
- जलस्रोत, उर्जा, कृषि, पर्यटन, पशुपालन, वनजंगल, जडिबुटी उत्पादन, उद्योग स्थापना जस्ता आर्थिक उपार्जनको क्षेत्रलाई समुचित र न्यायसंगत ढंगले उपयोग गर्ने, कृषक समुह र सहकारीलाई प्रोत्साहन गर्ने र भौतिक पूर्वाधार विकास गर्दै मानव सूचाङ्कको विकास गर्न योजनावद्ध र एकीकृत ढंगले अगाडी बढाउनु ।
- स्वतन्त्र, निश्पक्ष, मानवअधिकार, लैङ्गिक समानता, सामाजिक न्याय, समावेशी र समानुपातिक सिद्धान्तलाई आत्मसाथ गर्दै लोक कल्याणकारी व्यवस्थालाई सुदृढ र दिगो बनाउँदै लैजानु ।

- ❖ बजारमा हुने कालोबजारी, कृतिम अभाव लगायतका अपराधजन्य कार्यहरुको निरन्तर अनुगमन गरी गलत कार्य गर्नेलाई कारवाहीको दायरामा ल्याउनु।
- ❖ सुशासन प्रवर्द्धन र संस्थागत विकास गर्नु।
- ❖ सार्वजनिक सम्पतिहरुको पहिचान, संरक्षण र उपयोग गर्नु।

## नगरसभा सदस्य ज्यूहरु,

अब म यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को प्राथमिकताका क्षेत्रहरु प्रस्तुत गर्दछु।

१. कृषि तथा खाद्य सुरक्षा
२. निशुल्क र अनिवार्य शिक्षा
३. दिगो पूर्वाधार विकास
४. आधारभूत स्वास्थ्य
५. सुशासन तथा संस्थागत विकास
६. वातावरण संरक्षण तथा विपद व्यवस्थापन
७. उद्यमशिलता, रोजगारी सिर्जना तथा नवप्रवर्द्धन
८. पर्यटन र खेलकुद विकास, कला सँस्कृतिको संरक्षण
९. लैङ्गिक समानता र सामाजिक समावेशीकरण

## सम्पूर्ण नगर सभा सदस्यज्यूहरु,

अब म यस नगरपालिकाले विभिन्न क्षेत्रहरुमा अवलम्बन गर्ने क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

### १. आर्थिक विकास तर्फ :

नेपालको संविधानले मौलिक हकका रुपमा सुनिश्चित गरेको खाद्य सुरक्षा, मर्यादित र सुरक्षित रोजगार र आय आर्जनलाई मूर्तरुप दिन संघ तथा प्रदेशको कानून, नीति, योजना र लक्ष्यको आधारमा स्थानीय सरकारको

योजनावद्ध प्रयास हुन आवश्यक छ । यसैलाई मध्यनजर गरी समग्र आर्थिक विकासको लागि अग्रणी भूमिकामा रहेका कृषि, उद्योग, व्यवसाय, पर्यटन, जस्ता क्षेत्रलाई लक्ष्य, परिणाम तथा सोको नतिजा प्राप्तिका लागि अवलम्बन गर्नुपर्ने रणनीति र बिषयका क्षेत्रगत प्रमुख कार्यक्रमहरु देहाय अनुसार रहेको छ :

## क) कृषि तथा पशुपन्छी विकास :-

**"कृषकको हात स्थानीय सरकारको साथ"** भन्ने नाराका साथ कृषि तथा पशुपन्छी विकासमा तपशिलका नीतिहरु लिइनेछ ।

- पालुङटार बहुउद्देश्यीय कृषि प्रवर्द्धन कार्यक्रमलाई नगर गौरवको आयोजनाको रुपमा निरन्तरता दिईनेछ ।
- "**लोक कल्याणकारी किसान कोष"** मार्फत रैथाने बालीहरु घैया धान, कोदो, मास, भट्मास, तिल लगायतका बालिहरुको व्यवसायिक उत्पादन साथै दुध र मासुमा आत्मनिर्भर कार्यक्रममा प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।
- कृषि एम्बुलेन्स संचालन गरिनेछ।
- **"वनको बाँदर वनैमा"** नीतिलाई निरन्तरता दिईनेछ ।
- **"वर्षै भरि हरियो घाँस"** कार्यक्रमका लागि पशुपालक कृषकलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।
- कृषि उत्पादनमा वृद्धि गर्न सिंचाई सुबिधा बिस्तार गरिनेछ ।सुख्खा क्षेत्रमा लागि थोपा सिंचाइ, सिंचाइ पोखरी निर्माण तथा भूमिगत सिंचाइ प्रविधिबाट सिंचाइको वैकल्पिक व्यवस्था गरिनेछ ।
- **"पालुङटार नगर, पूर्ण पशुपन्छी खोपयुक्त नगर"** नीति अन्तर्गत नगरपालिका क्षेत्र भित्र कुकर लगायतका घरपालुवा जनवारहरुलाई पशुपन्छिमा लाग्ने सरुवा रोग तथा महामारी नियन्त्रणका लागि खोप कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

❖ उपयुक्त बाली छनौटको लागि संघीय सरकार, प्रदेश सरकार र अन्य निकायहरुको समन्वयमा माटो परिक्षण कार्यलाई निरन्तरता दिइनेछ ।

❖ नगरपालिका भित्र सक्रिय रुपमा कृषि पेसामा संलग्न कृषकको सूचीकरण गरी व्यवसायिक कृषि प्रवर्द्धन गर्न जोड दिईनेछ ।

❖ स्थानीय कृषकहरुले उत्पादन गरेका हरेक वस्तुहरुको बजारीकरणका लागि हाट बजार सञ्चालनमा ल्याईनेछ तथा भण्डारणका लागि चिस्यान केन्द्र, दुग्ध संकलन केन्द्र सञ्चालन गरिनेछ ।

❖ कृषि र पशुपालन व्यवसायमा देखा पर्ने समस्या समाधानका लागि आवश्यकता अनुसार कृषि प्राविधिक र भेटेनरी डाक्टर सहितको घरदैलो सेवा सञ्चालनलाई थप व्यवस्थित गरिनेछ ।

❖ खाद्य सुरक्षा सुनिश्चतताका लागि मकै तथा धानबाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । लामो समय देखि बाँझो रहेका जग्गामा व्यवसायिक खेती गर्ने कृषकलाई प्रोत्साहन गरिनेछ ।

❖ कृषि तथा फलफूल पकेट घोषणा भएका ब्लकहरुलाई थप प्रभावकारी कार्यक्रमहरु बनाई कार्यान्वयन गरिनेछ ।

❖ विभिन्न कृषि मेसिनरी सामाग्री खरिदका लागि किसानहरुलाई प्रोत्साहन गर्ने खालका र कृषिलाई यान्त्रीकरण गर्दै व्यवसायीकरण तर्फ उन्मुख गराउन कृषि सामाग्री खरिदमा अनुदानको कार्यक्रमलाई निरन्तरता दिईनेछ।

❖ जमिनको उर्वराशक्ति क्षय हुन नदिन रासायनिक मलको प्रयोगलाई न्यूनीकरण गर्दै प्राङ्गारिक मलको प्रयोगमा जोड दिइनेछ। रासायनिक मलको सहज उपलब्धताको निम्ति प्रत्येक वडामा सहकारी मार्फत भइरहेको वितरण प्रणालीलाई प्रभावकारी बनाईनेछ ।

❖ पशु नश्ल सुधार कार्यक्रमलाई थप व्यवस्थित बनाई दायरा फराकिलो बनाइनेछ ।

- नगरपालिका भित्र स्थापना हुने कृषि तथा पशु फर्म तथा कृषि समुह दर्ता तथा नविकरणमा साविकमा लिंदै आएको शुल्कमा ५० प्रतिशत छुट दिने कार्यलाई निरन्तरता दिइनेछ ।
- पशुपालन व्यवसायमा हुने जोखिमलाई न्यूनिकरण गर्दै पशुधनको सुरक्षामा सुनिश्चितता गर्न पशु विमा कार्यक्रमलाई प्रोत्साहित गरिनेछ ।

## ख. उद्योग व्यवसाय, रोजगार तथा सुरक्षित आप्रवासन

- रोजगार तथा आत्मनिर्भर हुने गरी कृषि, पशुपालन, उद्योग व्यवसायको व्यवसायिकरणमा निरन्तरता दिंदै वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा नै व्यवसाय गर्न चाहने यूवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ।
- **"व्यवसायीसंग नगरपालिका"** अभियान सञ्चालन गरी नगर क्षेत्रमा सञ्चालनमा रहेका साना उद्योग एवम् व्यवसायिक फर्महरुलाई विधिवत रुपमा दर्ता गर्न प्रोत्साहित गरी कानुनी दायरामा ल्याइनेछ।
- नगरपालिका भित्र यातायात सेवालाई सहज बनाउन तीनपाङ्ग्रे सवारी साधन सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाइनेछ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम कार्यविधि, २०७७ अनुसार नयाँ उद्यमी सिर्जना र पुराना उद्यमीको स्तरोन्नती तालिम मार्फत गरिबी न्यूनीकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई उत्पादनमुलक, शिघ्र प्रतिफलयुक्त र स्थानीय स्रोत साधनको उच्चतम प्रयोग गर्दै श्रममा आधारित हुनेगरी सञ्चालन गरिनेछ ।
- प्राविधिक तथा व्यवसायिक शिक्षा परिषद्(CTEVT)सँगको सहकार्यमा नगरपालिका भित्रका वेरोजगार मध्यम स्तरको प्राविधिक जनशक्ति बनाउनको लागि सिपमुलक तालिमहरु सञ्चालन गरिनेछ ।

- **श्रमको सम्मान राष्ट्रको अभियान** भन्ने नाराका साथ विकास निर्माणका आयोजनाहरुमा सूचीकृत वेरोजगारहरुलाई श्रममा सहभागी गराउने नीति अवलम्बन गरिनेछ ।
- वैदेशिक रोजगार सम्बन्धि सूचना प्रवाह, सिप अभिवृद्धि, न्यायमा पहुँच वृद्धि गर्न, मनोसामाजिक परामर्श, पुनः श्रम स्वीकृति र वित्तीय साक्षरता लगायतका सेवाहरु थप व्यवस्थित ढंगले सञ्चालन गरिनेछ।

## घ) पर्यटन विकास :

पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनका लागि निम्न नीतिहरु अवलम्बन गरिनेछ ।

- नगरपालिकाको पर्यटकीय विकासका लागि नगर पर्यटन क्षेत्र विकास समितिलाई क्रियासिल बनाईनेछ। लिगलिगकोट, मिरकोटगढी (कोटगढी), तातोपानी लगाएतका ऐतिहासिक, धार्मिक, प्राकृतिक तथा साँस्कृतिक पर्यटकीय स्थलहरुको संरक्षण, प्रवर्द्धन तथा प्रचार, प्रसार हुने एकीकृत कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।
- **"पर्यटकीय क्षेत्रहरुको चिनारी, पर्यटकलाई जानकारी"** भन्ने अभियानलाई विभिन्न माध्यमबाट सञ्चालन गरी पर्यटकीय क्षेत्रको प्रचार-प्रसार गरिनेछ ।
- ऐतिहासिक तथा पर्यटकीय क्षेत्र आसपासका ठाउँमा मौलिक शैलीमा नक्सा पास गरी घर बनाउने घरधनीलाई प्रोत्साहन स्वरूप नक्सापास शुल्कमा सहुलियत दिइनेछ ।
- जनयुद्ध, जनआन्दोलन लगायतका परिवर्तनकारी आन्दोलनमा शहादत प्राप्त महान् सहिदहरुको सम्मान र सम्झनामा सहिद स्मृति पार्कको स्थापना गरिनेछ ।

## ङ. सहकारी विकास

- ❖ सहकारी संस्थाहरुलाई अनिवार्य रुपमा COPOMIS(कोपोमिस) प्रणालीमा आवद्ध गर्ने व्यवस्था मिलाइ सबै सहकारी संस्थाहरुको कारोबारलाई वित्तीय सुशासनयुक्त र प्रविधिमैत्री बनाउने नीतिलाई निरन्तरता दिइनेछ ।
- ❖ सहकारीको मुल्य, मान्यता र सिद्धान्त अनुरुप संस्थाहरुको स्थापना, विकास र सञ्चालनको लागि प्रर्वधनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।जोखिम कर्जा प्रवाहलाई न्यूनीकरण गर्न कर्जा सूचना केन्द्र स्थापना गरिनेछ ।
- ❖ स्थानीय स्तरमा रहेको पुँजी, प्रविधि, ज्ञान र सिपलाई सामुहिक भावना मार्फत सहकारीमा आवद्ध गरी एकीकृत शक्तिको रुपमा व्यवसाय र आय आर्जनमा जोडिने छ।
- ❖ नगरपालिकाका भित्र रहेका सहकारीहरु मार्फत परिचालन हुने पुँजीलाई स्थानीय उत्पादनमा लगानी गरी समृद्धि संग जोड्नको लागि बचत तथा ऋण सहकारीहरुले कृषि क्षेत्रमा निश्चित ऋण परिचालन गर्ने गरी कार्यविधि र मापदण्ड बनाई लागु गरिनेछ।
- ❖ श्रमिक तथा पेशाकर्मीहरुको हक अधिकारको संरक्षण तथा ब्यवसायिकता विकासको लागि श्रमिक सहकारी संस्था स्थापनालाई प्राथमिकतामा राखिनेछ।

## २. सामाजिक विकास तर्फः

- ❖ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र दलित एवं बालविकासका लागि चेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ❖ छुवाछुत तथा जातिय विभेदलाई दण्डनीय बनाई सोको लागि विशेष किसिमका कार्यक्रम ल्याइनेछ।
- ❖ दलित तथा सीमान्तकृत जातिहरु (कुमाल, गन्धर्व, माझी, वोटे) साथै विपन्न वर्गहरुको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ आर्थिक सामाजिक रुपले विपन्न वर्ग तथा समुदायको उत्थानको लागि आय, आर्जन गरिबी न्यूनीकरण, रोजगारी प्रवर्द्धन जस्ता कार्यक्रमलाई विशेष

प्राथमिकताका साथ अगाडी बढाइनेछ साथै त्यस्ता वर्गलाई प्रधानमन्त्री रोजगार कार्यक्रममा विशेष जोड दिइनेछ ।

- इशाई धर्मावलम्बीहरुको शव व्यवस्थापनको निम्ति निर्माण गरिएको दफन क्षेत्रलाई थप व्यवस्थित गरिनेछ ।

## क ) आधारभूत शिक्षा :

- प्रारम्भिक बाल शिक्षालाई गुणस्तरीय बनाउँदै सबै बालबालिकाको समतामूलक पहुँच स्थापित गरिनेछ।
- सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरुको सामुहिक दुर्घटना बीमा गरिनेछ ।
- भौगोलिक कारणले अन्य विद्यालयमा समायोजन गर्न नसकिने न्यून विद्यार्थी संख्या भएका सामुदायिक विद्यालयहरुमा बहुकक्षा बहुस्तर शिक्षण पद्धतीबाट सञ्चालन गर्न संघ सरकारसँग आवश्यक समन्वय गर्ने नीति अवलम्बन गरिनेछ।
- निःशुल्क र अनिवार्य आधारभूत शिक्षाका लागि विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा शिक्षक दरवन्दीको व्यबस्था गरिनेछ ।
- समायोजन तथा एकिकरण गरिएका विद्यालयहरुको सम्पत्तिको व्यवस्थापन र उपयोगको व्यवस्था मिलाईनेछ ।
- विद्यालय समायोजन र तह मिलानका कारण शिक्षाको पहुँचमा असमर्थ रहेका समुदायका बालबालिकाहरुलाई सहज पहुँच सुनिश्चितताको लागि छात्राबास वा यातायातको सुविधा उपलब्ध गराईनेछ ।
- नगरपालिकासँग अभिभावक विहिन, अति विपन्न विद्यार्थीलाई शैक्षिक सहायता कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

- सरकारी कोषबाट पारश्रमिक तथा सेवा सुविधा प्राप्त गर्ने व्यक्तिहरुले आफ्नो छोराछोरीलाई स्वघोषणासहित सामुदायिक विद्यालयहरुमा अध्ययन गराउने नीति लिईनेछ।
- **"दक्ष शिक्षक, गुणस्तरीय शिक्षा, समृद्ध पालुङटार हाम्रो इच्छा"** नारालाई आत्मसात गर्दै विद्यार्थीको मूल्याङ्कन प्रणालीलाई प्रभावकारी र गुणस्तरीय बनाउन कक्षा ५, ८ र ९ को नगरस्तरीय परीक्षालाई निरन्तरता दिइनेछ।
- प्राविधिक धार सञ्चालन भएका विद्यालयहरुलाई विशेष अनुदानको व्यवस्था मिलाईनुका साथै अन्य विद्यालयहरुलाई प्राविधिक धार सञ्चालनका लागी प्रोत्साहन गरिनेछ।
- शिक्षक तथा विद्यालय कर्मचारीहरुको पेशागत क्षमता विकास तथा पेशागत सहयोगका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- स्थानीय शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयन गरिनेछ।
- सामुदायिक सिकाई केन्द्रहरुको सवलीकरण मार्फत अनौपचारिक शिक्षा र वैकल्पिक सिकाईका माध्यमबाट परम्परागत पेशा, ज्ञान र सीपको पुस्ता हस्तान्तरण गर्ने नीति लिईनेछ ।
- विद्यालयहरुलाई प्रविधिमैत्री बनाई डिजिटल र जीवनोपयोगी शिक्षालाई प्रोत्साहन गरिनेछ।
- दिवा खाजा कार्यक्रममा पत्रु खाना (Junk Food) निषेध गरी स्थानीय उत्पादनको प्रयोग मार्फत पोषणयुक्त खाजा व्यवस्थापन गरिनेछ ।
- सरकारी तथा सामुदायिक शिक्षण संस्थामा प्राविधिक माध्यामिक शिक्षा र उच्च शिक्षा अध्ययन गर्न चाहने विपन्न वर्गका जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराईनेछ।
- विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि तथा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

- विद्यालयको खाली जमिनमा फुलबारी/बगैचाको निर्माण गरी हराभरा बनाइने नीतिलाई अवलम्बन गरिनेछ।
- विद्यालयको शैक्षिक र प्रशासनिक क्षमता विकास गर्न प्रधानाध्यापक र शिक्षकहरुको कार्यसम्पादन करार सम्झौता गरी कक्षा ५, ८ र ९ को बार्षिक परिक्षाको नतिजाको आधारमा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यार्थी संख्या एक हजार भन्दा धेरै पुऱ्याउने विद्यालयलाई आवासीय, मेघा विद्यालयको रुपमा सञ्चालन गर्ने प्रक्रिया अगाडी बढाईनेछ।
- साथीबाट सिक्ने र साथीलाई सिकाउने (सहपाठी सिकाई) कार्यक्रमलाई व्यवस्थित रुपमा निरन्तरता दिइनेछ।
- वृहत् शैक्षिक प्रदर्शनी मेला तथा प्रतिभा पहिचान कार्यक्रमको आयोजना गरी कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोगमा जोड दिइनेछ।
- बालक्लबको परिचालन मार्फत विद्यालयको अतिरिक्त क्रियाकलाप सञ्चालनको वातावरण सिर्जना गरिनेछ।
- Friday for Future कार्यक्रम अन्तर्गत विद्यालयहरुमा हरेक शुक्रबार अनिवार्य रुपमा अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।
- प्रसुति बिदामा रहेका शिक्षकको सट्टामा बिदा अवधिभर स्वंयसेवक शिक्षकको व्यवस्था गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- स्थानीय भाषा, संस्कृति, कलाको संरक्षणका लागि शिक्षण सिकाई क्रियाकलापमा आवद्ध गर्दै लैजाने नीति अवलम्बन गरिनेछ।

## ख) बालमैत्री स्थानीय शासन तर्फ :

- **पालुङटार नगरपालिकाको चाहना, बालमैत्री शासनको स्थापना** भन्ने नारालाई आत्मसात गर्दै नगरपालिकालाई संवत २०८३ असार मसान्त भित्र बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गर्ने पूर्व प्रतिवद्धता बमोजिम कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- नगरपालिका भित्र निर्माण गरिने सम्पूर्ण पूर्वाधारहरु बालमैत्री बनाउन योजना अनुगमनमा बालमैत्री पूर्वाधारको सूचकलाई अनिवार्य रुपमा समावेश गरि अनुगमन तथा मुल्याङ्कन प्रणालिको विकास गरिनेछ । एक वडा एक बाल उद्यान निर्माण गरिनेछ।
- बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि भएका संस्थागत व्यवस्था अन्तर्गतका सबै समितिहरुको क्षमता विकास गरी उक्त समितिहरु र सरकारी/गैरसरकारी/निजी संघ संस्थाको साझा प्रयासमा बालमैत्री नगरपालिकमा घोषणा अभियान सञ्चालन गरिनेछ ।
- बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको सिद्धान्त र बालमैत्री आचारसंहिता अनुसार बालबालिकाको अर्थपूर्ण प्रतिनिधित्वको सुनिश्चितता गर्ने नीति लिईनेछ ।
- बालमैत्री स्थानीय शासन घोषणा र दिगोपनाका लागि सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

## ग) आधारभूत स्वास्थ्य :

- नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने आधारभूत स्वास्थ्य सेवालाई विश्वसनीय र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरुसँग कार्यसम्पादन सम्झौता गरी कार्यसम्पादन मुल्याङ्कनको आधारमा प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।
- सरकारी स्वास्थ्य संस्थाहरुबाट ९८ प्रकारका निःशुल्क वितरण गर्ने औषधि तथा औषधीजन्य सामाग्रीहरु हरेक स्वास्थ्य संस्थाबाट सहज रुपमा उपलब्ध हुने व्यवस्था गरिनेछ ।
- निजी स्वास्थ्य संस्था र क्लिनिकहरुको दर्ता, नवीकरण र नियमित अनुगमन गरी स्वास्थ्य सेवालाई थप व्यवस्थित गरिनेछ ।

- मानसिक स्वास्थ्य समस्या देखिएका व्यक्तिहरुको पहिचान गरी मनोपरामर्श सहितको उपचार दिने व्यवस्थालाई निरन्तरता दिईनेछ।
- संघीय सरकारसँगको सहकार्यमा नगरपालिकालाई मानसिक स्वास्थ्यमा नमुना नगरपालिका बनाउनका लागि योग, ध्यान शिविर लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्वास्थ्य सम्वन्धी सचेतनामूलक गतिविधि सञ्चालन गर्न महिला स्वास्थ्य स्वयम् सेविकाको भुमिका बढाईनेछ । अवकाश प्राप्त महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई अवकाश पश्चात प्रोत्साहित गर्ने र महिला स्वास्थ्य स्वयम् सेविकाको प्रोत्साहनका लागि यातायात खर्च वापत दिदै आएको रकमलाई निरन्तरता दिईनेछ ।
- नगरबासीको स्वास्थ्यलाई मध्यनजर गर्दै स्वास्थ्य चौकीहरुमा विशेषज्ञ चिकित्सक सहितको घुम्ति सेवा र ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।
- मातृशिशु मृत्युदरको अन्त्य गर्न खोप, प्रसुति सेवा र पोषण सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गरीव बिरामीसँग नगरपालिका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- शव व्यवस्थापनका लागि निशुल्क शव वाहनको व्यवस्था गरिनेछ।
- जेष्ठ नागरिकलाई घर-घरमा निशुल्क स्वास्थ्य परीक्षणको लागि Lab in a bag कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरपालिकासँग गर्भवति तथा सुत्केरी पोषण कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- नगरपालिकाको भूगोललाई मध्यनजर गर्दै गाईखुर स्वास्थ्य चौकी भोटेकाटेलाई "क" वर्गको स्वास्थ्य चौकी रुपमा स्तरउन्नति गरिनेछ।
- सम्पूर्ण नगरवासीहरुलाई स्वास्थ्य बिमामा आवद्ध गराउन प्रोत्साहित गर्ने नीति अबलम्बन गरिनेछ ।

- ३० मिनेट भन्दा कम दुरीमा रहेका स्वास्थ्य संस्थाहरुको समायोजन गरी आधारभूत स्वास्थ्य सेवाबाट बञ्चित रहेको नगरबासी सम्म स्वास्थ्य सेवा पुर्याउने आवश्यक व्यवस्था गरिनेछ ।

## ख) खानेपानी तथा सरसफाई :

- नगरवासीहरुलाई आधारभूत खानेपानीमा पहुँच सुनिश्चिता गर्न एक घर एक धारा नीति लिई खानेपानीको सेवा बिस्तार गरिनेछ।
- पालुङटार वृहत् खानेपानी योजनाको कार्यलाई तिव्रताका साथ अगाडि बढाउन आवश्यक समन्वय गरिनेछ ।
- जलस्रोतको दीगोपनाका लागि सबै वडाहरुमा एक वडा एक रिचार्ज पोखरी निर्माण गरिनेछ ।
- फोहोरलाई मोहोरमा बदल्नका लागि निजी क्षेत्रसँगको सहकार्यालाई निरन्तरता दिईनेछ । फोहोरमैला व्यवस्थापनमा REDUCE, REUSE, RECYCLE सम्वन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।
- प्लास्टिकमुक्त नगरपालिका बनाउन नगरपालिका कार्यालय र अन्तर्गतका सबै निकायहरुमा प्लास्टिकका झोला र खादाको प्रयोगलाई निषेध गरिनेछ ।
- स्थानीय स्तरमा उत्सर्जित फोहोर मैलाको संकलन, बर्गिकरणका लागि टोल सुधार समितिसँग समन्वय गरी अनिवार्य रुपमा कुहिने, नकुहिने र सिसाजन्य फोहोरको संकलन र प्रशोधन गर्ने व्यवस्था मिलाईनेछ ।

## घ) महिला, बालबालिका, जेष्ठनागरिक

- आदिवासी जनजाति, दलित, उत्पीडित समुदाय, अपाङ्गता भएका व्यक्ति, एकल महिला, लैङ्गिक विभेद र घरेलु हिंसा पिडित लगायतका लक्षित वर्गलाई लैगिंक समानता तथा सामाजिक समावेशीकरणको मुलप्रवाहमा ल्याउने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- महिला लक्षित कार्यक्रम अन्तर्गत लामो अवधिको सिपमुलक तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ । स्थानीय सिप र कच्चा पदार्थको प्रयोगद्वारा निर्माण हुने दुना टपरी, हस्तकला लगायतका सामग्रीहरुको उत्पादन तथा बजारीकरणका लागि कोशेली घर सञ्चालन गरिनेछ ।
- नगरपालिका अन्तर्गतका अस्पताल, स्वास्थ्य संस्थाहरु, वडा कार्यालयहरु, विद्यालयहरु लगायत सम्पूर्ण सरकारी कार्यालयहरुले स्थानीय स्तरमा उत्पादित सामग्रीहरु (हर्पिक, फिनेल, झोल साबुन, दुना टपरी)को अनिवार्य प्रयोग गर्ने व्यवस्था मिलाइने छ ।
- आदिवासी जनजातिको पहिचान सहित स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, भाषा, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र प्रवर्द्धन गरिनेछ ।
- बालश्रम र लागुऔषध दुर्व्यसनी विरुद्ध सचेतना कार्यकमहरु सञ्चालनमा ल्याइनेछ ।
- दलित समुदायका नागरिकको परम्परागत सीप र ज्ञानलाई उद्यमशिलतामा रुपान्तरण गरिनेछ ।
- **"अहिलेका यूवा संग उहिलेका कुरा"** कार्यक्रम अन्तर्गत हरेक वडामा **Senior Citizen Club** गठन गरी जेष्ठ नागरीकको ज्ञान, सिप र अनुभवलाई नयाँ पुस्ता संग जोड्न मासिक रुपमा कार्यक्रम सञ्चालन गरिनेछ।
- प्रत्येक आर्थिक वर्षमा लैङ्गिक समानता र सामाजिक समावेशिकरण परीक्षण गरिनेछ।
- नगरपालिका कार्यालय सम्म आउन नसक्ने अपाङ्गता भएका व्यक्तिलाई घरमा नै गएर परिचय पत्र वितरण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
- सामाजिक सुरक्षा भत्ता बैंक मार्फत टोल टोलमा उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

## ङ. युवा, खेलकुद, साहित्य, कला, संस्कृति

- नगरपालिकाका यूवाहरुको व्यक्तित्व विकासका लागि सबै वडाहरुमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ साथै एक वडा एक खेलकुद मैदान निर्माण कार्यलाई तिव्रता दिइनेछ।
- युवाहरुको रुची अनुसारको खुल्ला व्यायमशाला, नृत्य प्रशिक्षण केन्द्र आदिको स्थापना तथा सञ्चालन गरिनेछ।
- नगर भित्रका लेखक, साहित्यकार तथा कलाकारहरुको प्रोत्साहन र विकासका लागि युवा प्रतिभाको खोजि तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।
- नगर स्तरीय खेलकुद प्रतियोगिता, राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता, वडा स्तरीय खेलकुद, विद्यालय स्तरीय खेलकुद प्रतियोगितालाई थप व्यवस्थित गर्दै कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- यूवाहरुको परिचालन मार्फत समाज रुपान्तरण गर्ने यूवा लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ।

## ३) भौतिक पूर्वाधार विकास

- नगरपालिकाको केन्द्रबाट वडा कार्यालयहरु जोड्ने सडक कालोपत्रे गर्ने योजनालाई नगर गौरवको आयोजनाको रुपमा विकास गरि कार्यान्वयनलाई प्राथमिकता दिईनेछ ।
- स्थानीय स्रोत साधनको उच्चतम प्रयोग गरी नगर भित्रका सम्पूर्ण सडकहरु संघ र प्रदेश सरकारसँगको समन्वय र साझेदारीमा सबै मौसममा सञ्चालन गर्न सकिने गरी स्तरोन्नति गरिनेछ ।
- **"दिगो विकासको आधार, साझेदारीमा पूर्वाधार"** भन्ने नारालाई आत्मसात गर्दै सामुदायिक भवनमा न्यूनतम ५०%, सडक कालोपत्रेमा न्यूनतम ४०% र

सिंचाइमा न्यूनतम ३०% सह-लगानी गर्ने समुदायलाई **First Come First Service** को आधारमा आयोजनाहरु सञ्चालन गरिनेछ ।

- ❖ **Nature, Culture, Agriculture, Infrastructure** को अन्तरसम्बन्धलाई ख्याल गरी दिगो पूर्वाधार विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ निर्मित सरकारी तथा सार्वजनिक पूर्वाधारहरुको नियमित मर्मत सम्भार तथा विपद् व्यवस्थापन कार्यको लागि उपभोक्ता समिति तथा लाभग्राही समूहबाट सञ्चालन गरिने विकास योजनाबाट मर्मत संभार र विपद् व्यवस्थापन कोषमा २/२ प्रतिशतका दरले रकम जम्मा गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- ❖ सडकको दाया बायाँ हरियाली प्रवर्द्धन गरी हरित शहरको रुपमा विकास गर्न सडकको **Right of Way** भित्र वृक्षारोपण र सोको संरक्षण गर्न टोल विकास समितिको परिचालन गरिनेछ ।
- ❖ भू-क्षय तथा बाढी पहिरोको जोखिम रहेको क्षेत्रमा सडक निर्माण र स्तरोन्नति गर्दा लागत अनुमानको ५ प्रतिशत रकम वायो ईन्जिनियरिङ कार्यमा खर्च गरिनेछ ।
- ❖ नगरपालिकाको रिङ्गरोड, बसपार्क र रंगशालालाई पूर्णता दिई सञ्चालनमा ल्याइनेछ ।
- ❖ नगर भित्र सार्वजनिक स्थलहरुमा प्रतिक्षालय, सार्वजनिक धारा तथा सार्वजनिक शौचालय निर्माण कार्य बालमैत्री अवधारणामा आधारित बनाईनेछ।
- ❖ नगर भित्र सुबिधा सम्पन्न सभाहल सहितको ब्यवसायिक भवन सञ्चालनमा ल्याईनेछ।
- ❖ सडक क्षेत्रले ओगटेको जमिन प्रचलित कानुन अनुसार सडकको प्राथमिकरण गरि लगत कट्टा गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- ❖ संघ र प्रदेशबाट संचालान गरिने योजनाहरुको अभिलेख राखिनेछ।

- ❖ राष्ट्रिय प्रशारण लाइनको विद्युत सेवाबाट बञ्चित रहेका घरधूरीहरुको पहिचान गरी वैकल्पिक उर्जा प्रणालीबाट विद्युत सेवाको व्यवस्था मिलाईनेछ।

## ४) वन, वातावरण तथा विपद् व्यवस्थापन :

- ❖ विपद् बाट उत्पन्न हुनसक्ने असहज परिस्थितिको आंकलन गरी जोखिम न्यूनीकरणको लागि नगरपालिकामा **Rapid Response Team(RRT)** को गठन तथा परिचालन गरिनेछ। विपद् पूर्व सूचना **(Early Warning System)** को विकासका लागि सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ।
- ❖ मनसुनजन्य विपद्बाट घरवार बिहिन भएका पीडित परिवारको लागि राहत, पुनर्स्थापना र पुनर्वासको व्यवस्था गरिनेछ ।
- ❖ सडक निर्माण तथा प्राकृतिक स्रोतको उत्खनन् कार्य गर्दा प्रारम्भिक वातावरणिय परीक्षण ( IEE) गरी वातावरण संरक्षणको लागि उचित उपाय अवलम्बन गरिनेछ ।
- ❖ नगर क्षेत्र भित्रका सार्वजनिक, पर्ति, ऐलानी जग्गाहरुको पहिचान गरी हरेक वडामा कम्तिमा एक स्थानमा फलफुल बगैचा निर्माण गर्ने कार्य सुरुवात गरिनेछ ।
- ❖ खेतियोग्य जग्गा संरक्षणको लागि बाढी पहिरोबाट कटान रोक्न तटबन्धको व्यवस्था मिलाइनेछ ।
- ❖ आगलागी तथा डढेलो रोकथामको लागि सचेतना अभियान सञ्चालन गरिनेछ।
- ❖ जलवायु परिवर्तनबाट सिर्जित समस्यासंग जुध्नको लागि **स्थानीय अनुकुलन योजना** निर्माण गरी कार्यन्वयन गरिनेछ।

## ५. सुशासन तथा संस्थागत विकास :

- सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, सर्वसुलभ र पारदर्शी बनाई जनतालाई सुशासनको अनुभुति दिन संस्थागत सुधार गर्दै जनप्रतिनिधि र कर्ममचारीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- भ्रष्टाचार प्रति शून्य सहनशीलताको नीति अवलम्बन गर्दै कार्यकुशलता, पारदर्शिता, मितव्ययिता र जवाफदेहिता प्रवर्द्धन गरी स्थानीय सरकारको प्रतिष्ठा बढाउने कार्य गरिनेछ ।
- प्रमुख प्रशासकीय अधिकृत र कार्यपालिका सदस्यहरुले नगरप्रमुखसँग, वडा सदस्यहरुले वडाध्यक्षसँग, विषयगत शाखाका प्रमुख र वडा सचिवले प्रमुख प्रशासकीय अधिकृतसँग कार्यसम्पादन सम्झौता गरी सोही बमोजिम कार्य सम्पादन मुल्याङ्कनको आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ।

- नगरपालिकाबाट भुक्तानी हुने गरी योजना तथा कार्यक्रम सञ्चालन गर्ने सवै संघ संस्था तथा समितिहरुले अनिवार्य रुपमा सार्वजनिक परीक्षण ( Public Audit) गर्नुपर्नेछ । सार्वजनिक सुनुवाई (Public Hearing) चौमासिक रुपमा निरन्तर सञ्चालन गरिनेछ।
- नगरपालिकाको खरिद प्रक्रियालाई पारदर्शी एवम् व्यवस्थित गर्न खरिद योजना तयार गरी सोही बमोजिम मात्र खरिद कारबाही गरिनेछ।
- नियमितता, मितव्ययिता, औचित्यता, प्रभावकारीता र कार्यदक्षता सिद्धान्तको आधारमा बेरुजु फछ्यौंट कार्यलाई प्राथमिकता दिई **बेरुजु शुन्य अभियान** सञ्चालन गरिनेछ ।
- चालु खर्चलाई मितव्यायी र वाञ्छित सिमा भित्र राखी पुँजीगत खर्चलाई वृद्धी गर्न उपभोक्ता समिति र निर्माण व्यवसायीहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

- आन्तरिक आम्दानी वृद्धि गर्न नगरपालिकाको कर राजश्वको दायरा फराकिलो बनाउन घरबहाल कर, भूमी कर र सम्पत्ति करमा प्रगतिशिल कर प्रणाली अवलम्बन गरिनेछ।
- नगरपालिकाको आन्तरिक आम्दानी वृद्धि गर्न प्राकृतिक स्रोतको उत्खनन्, बिक्रि वितरण कार्यलाई समय सापेक्ष र पारदर्शी बनाइनेछ।
- कर प्रणालीलाई प्रविधियुक्त बनाउन नगरपालिकाको कर, सेवा शुल्क, दस्तुर तथा दण्ड जरिवानालाई डिजिटल प्रणाली मार्फत समेत भुक्तानी गर्ने व्यवस्था मिलाइनेछ।
- सार्वजनिक र सरकारी जग्गा तथा सो जग्गामा निर्मित संरचनाहरुमा बहाल विटौरी कर लगाइनेछ। भूमि बैंकमा जग्गा उपलब्ध नगराउने तर ३ बर्ष भन्दा वढी जग्गा बाँझो राख्ने जग्गाधनीलाई भूमि करमा २५ प्रतिशत जरिवाना लगाइनेछ।

## ६. भूमि व्यवस्थापन

- सार्वजनिक, ऐलानी, सरकारी तथा पर्ति जग्गाहरुको एकीकृत विवरण तयार गरी व्यवस्थित अभिलेखीकरण, संरक्षण र उपयोग गरिनेछ।
- उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषि क्षेत्रमा भूमिको उपयोग गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ।
- भूमि बैंकको अवधारणा लागु गरी बाँझो रहेका जमिनहरुलाई भूमि बैंक मार्फत उपयोगमा ल्याउने प्रक्रियाको थालनी गरिनेछ।

## ७. सूचना, प्रविधि तथा सञ्चार

- ❖ नागरिकता, सामाजिक सुरक्षा, व्यक्तिगत घटना दर्ता लगायतका सेवालाई अनलाइन प्रणालीबाट व्यवस्थित गरिनेछ।
- ❖ नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयमा इन्टरनेट सेवा विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- ❖ नगरपालिकाबाट सम्पादन भएका कार्यहरुको बारेमा आम जनतालाई सयममै सु-सूचित गर्न विद्युतीय माध्यमबाट सूचना प्रवाह गर्ने व्यवस्था मिलाईनेछ ।
- ❖ सूचनाको जिम्मेवारी मिडिया संग साझेदारी अन्तर्गत नगरपालिकाको गरिविधिवारे जनतालाई समयमा नै जानकारी दिने उद्धेश्यले संचारकर्मीहरु संग बाह्र महिना बाह्र भेट कार्यक्रम संचालन गरिनेछ।

## ८. न्यायिक क्षेत्र

- ❖ न्यायिक समितिको काम कारवाहीलाई मेलमिलापको सिद्धान्तको आधारमा विवाद समाधान गर्न न्यायिक प्रक्रियालाई छिटो छरितो र प्रभावकारी बनाईनेछ ।
- ❖ न्यायिक समितिका सदस्यहरु तथा मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ विवाद समाधान, मानव अधिकार प्रवर्द्धन र न्याय सम्पादनलाई स्वतन्त्र, निश्पक्ष र विश्वसनीय बनाउन समुदाय, टोल र विद्यालयमा कानुनी सचेतना तथा अभिमूखीकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- ❖ निःशुल्क कानुनी परामर्श र हिंसा निवारण कोषलाई निरन्तरता दिइनेछ।

## ११. संगठन विकास तथा कार्यालय व्यवस्थापन

- संगठन संरचना, दरबन्दी सिर्जना गर्न Organization And Management Survey प्रतिवेदनको आधारमा सङ्गठन संरचना तथा दरबन्दी कायम गरी सोही बमोजिम जनशक्ति व्यवस्थापन गरिनेछ ।
- नगर प्रहरी सम्वन्धी कानुन निर्माण गरी नगर प्रहरीको व्यवस्था गरिनेछ।

## सम्पूर्ण नगर सभा सदस्यज्यूहरु,

स्थानीय सरकार संस्थागत भए संगै जनताको ठुलो आशा र अपेक्षा स्थानीय सरकार प्रति रहेको समयमा पालुङटार सरकारलाई प्राप्त महत्वपूर्ण जिम्मेवारी पालुङटारका जनताको आर्थिक, सामाजिक र सांस्कृतिक विकासको आकांक्षा पुरा गरी समृद्ध नगर बनाउन संस्थागत सामर्थ्यले भ्याए सम्म स्थानीय सरकार अनवरत रुपमा प्रतिबद्ध रहेको समेत जानकारी गर्दछु ।

विगत वर्षहरुका नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयनमा यहाँहरुको साथ, समर्थन सहयोगको उच्च प्रशंशा गर्दै आगामी दिनहरुमा पनि अझै बढी सार्थक र समालोचनात्मक सहयात्राका लागी म विश्वस्थ छु।

अन्त्यमा पालुङटारको विकासमा योगदान पुर्याउने नगरसभा सदस्यज्युहरु, स्थानीय राजनीतिक दलहरु, निजी क्षेत्र, सहकारी क्षेत्रहरु प्रति आभार प्रकट गर्दछु। आ-आफ्नो क्षेत्र बाट महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने रास्ट्रसेवक कर्मचारी, श्रमिक तथा श्रमजीवी, स्थानीय नागरिक समाज,बुद्धिजीवी,पत्रकार/संचारकर्मी तथा आम नगरवासीलाई कृतज्ञता सहित हार्दिक धन्यबाद ज्ञापन गर्दछु।

**न्यानो अभिवादन सहित धन्यवाद !**